# संयुक्त प्रेस विज्ञप्ति

**“परदेशी २” र “पशुपति प्रसाद २ भष्मे डन”**
**निर्माण समूह**

नारायण इन्टरनेशनल प्रा. लि. ले निर्माण गरेको नेपाली कथानक चलचित्र “परेदेशी २” र टुकी आर्टस् प्रा. लि. ले निर्माण गरेको नेपाली कथानक चलचित्र “पशुपति प्रसाद २ भष्मे डन” को टिमले २०८० को फुलपातीलाई आफ्नो प्रदर्शन मिति घोषणा गरेका थियौं । त्यसपश्चात हामी दुबै टिमले सिनेमा एउटै मितिमा प्रदर्शनमा नल्याउनको लागि विभिन्न मितिमा छलफल गर्‍यौं । आज चौथो पटक छलफल गरेर हामी अलग अलग मितिमा सिनेमा प्रदर्शनमा ल्याउनको लागि सहमत भएका छौं । जसअनुसार परदेशी २ असोज २६ गते घटस्थापनाको दुई दिन अगाडि र र पशुपति प्रसाद २ भष्मे डन २०८० कात्तिक ४ गते फुलपातीको दिन प्रदर्शन हुने कुराको विनम्र जानकारी गराउँदछौं । जुधेर होइन, जुटेर सफलता हात पार्न सकिन्छ भन्ने कुराको पाठ नेपाली सिनेमाका कतिपय जुधाईले हामीलाई सिकाइसकेको छ । त्यसैले पनि हामी जुधेर होइन जुटेर जाने निर्णय गर्न सफल भयौं । हाम्रो यो जुट्ने अभियानमा साथ दिनुहुने नेपाल चलचित्र निर्माता संघ, नेपाल चलचित्र संघ र डिसिएनलाई धन्यवाद ज्ञापन गर्दछौं । जय नेपाली सिनेमा !

**नारायण इन्टरनेशनल प्रा. लि.**
**“परदेशी २” का तर्फबाट**
**नारायण रायमाझी**
**निर्देशक**

NARAYAN INTERNATIONAL P. LTD.
KATHMANDU, NEPAL

**टुकी आर्टस् प्रा. लि.**
**“पशुपति प्रसाद २ भष्मे डन”का तर्फबाट**
**खगेन्द्र लामिछाने**
**लेखक/निर्माता**

टुकी
TUKEE ARTS